के तपाईंले ठूलो
विश्वास, सुबेदारजत्तिकै
विश्वास पाउन
चाहनुहुन्छ ?

# के तपाईंले ठूलो विश्वास, सुबेदारजत्तिकै विश्वास पाउन चाहनुहुन्छ ?

*'अनि मानिसहरूलाई आफ्ना वचनहरू सुनाइसक्नुभएपछि प्रभु येशू कपर्नहुममा पस्नुभयो। अनि कुनै एक सुबेदार थिए, जसको दास बिरामी भएर मर्न लागेको थियो; अनि त्यो दासचाहिँ उनको प्रिय दास थियो। अनि येशूको विषयमा सुनेर उनले 'हजुर, आइदिनुहोस् र मेरो दासलाई निको पारिदिनुहोस्' भनेर उहाँलाई विन्ती गर्न यहूदीहरूका बूढ़ा प्रधानहरू उहाँकहाँ पठाए। अनि येशूकहाँ आएर तिनीहरूले उहाँलाई यसो भन्दै आग्रहपूर्वक विन्ती गरेः "जसको निम्ति तपाईंले यो काम गर्न लाग्नुभएको छ, उनी योग्य छन्; किनभने उनले हाम्रो जातिलाई प्रेम गर्छन्, र उनले हाम्रो निम्ति एउटा सभाघर बनाइदिएका छन्।" तब येशू तिनीहरूको साथमा जानुभयो। अनि जब उहाँ त्यस घरदेखि धेरै टाढ़ामा हुनु-हुन्नथियो, तब ती सुबेदारले उहाँकहाँ साथीहरू, उहाँलाई यसो भन्न पठाएः "प्रभुजी, हजुरले आफूलाई कष्ट नदिनुहोला; किनकि हजुर मेरो छानामनि आउनुहुन म योग्य छैनँ। यसैकारण मैले आफूलाई पनि हजुरकहाँ आउन योग्य ठानिनँ। तर एकै वचन मात्र*

*बोलिदिनुहोस्, र मेरो दास निको हुनेछ। किनकि म पनि अधिकार-मनि रहेको मानिस हुँ; मेरो अधीनतामा पनि सिपाहीहरू छन्; अनि जब म एकजनालाई 'जा' भन्छु, तब त्यो जान्छ; अनि जब म अर्कोलाई 'आइज' भन्छु, तब त्यो आउँछ। अनि जब म मेरो दासलाई 'यो गर्' भन्छु, तब त्यसले त्यो गर्छ।" यी कुराहरू सुनेर उनको खातिर येशू छक्क पर्नुभयो, र पछिल्तिर फर्केर उहाँले आफ्नो पछि-पछि आइरहेका मानिसहरूलाई भन्नुभयोः "म तिमीहरूलाई भन्छु, इस्राएली जातिमा मैले यति ठूलो विश्वास कहीं पाएको छैनँ।" अनि त्यस घरमा फर्केपछि ती पठाइएकाहरूले त्यस बिरामी भएको दासलाई निको भएको भेट्टाए।'*

*लूका ७:१-१०*

आउनुहोस्, हामी यस खण्डमा यी रोमी सुबेदार, यी एक सय सिपाहीहरूका भलादमी सेनाका कप्तानबाट ठूलो विश्वास हुने पाठ सिकौं! तर पहिले हामी तिनको जीवनको विषयमा एकक्षण विचार गरौंः तिनी यहाँ विदेशमा रोमी सेनाको हाकिम भई सेवारत थिए। तिनी हालैमा सुबेदार थिए। तर तिनको शुरु एउटा साधारण सिपाहीबाट भएको हुनुपर्छ। आफ्नो ड्यूटीमा इमानदार भई तिनले सेनाको पदानुक्रममा उन्नति गरे, तिनी हवलदार भए, पछि तिनी सुबेदार बने। यस सिलसिलामा तिनी इस्राएल देशमा आए; किनकि इस्राएल देश रोमी साम्राज्यको एक प्रान्त थियो। त्यहाँ बस्दा तिनी भौतिक हिसाबले पनि उन्नति गरेः तिनको एउटा घर थियो, तिनको नोकर पनि थियो, जसलाई तिनले बजारमा किने; किनकि तिनको नोकर एउटा दास पो थियो। इस्राएलमा बस्दा तिनले यहूदी जाति र तिनीहरूको धर्म 'अध्ययन' गर्न पाए। तिनीहरूबाट तिनी निक्कै

प्रभावित भए; तिनको स्वतन्त्र इच्छा भएको भए तिनी यहूदी हुनेथिए, कि कसो ? तर के गर्ने ? एउटा रोमी नागरिकको निम्ति यो मनाही गरिएको थियो। तब कम्तीमा तिनीहरूको निम्ति एउटा सभाघर बनाउन तिनले आँट गरे। कस्तो भलादमी ! ! तर अन्तरालमा तिनको दास निक्कै बिरामी भयो। अनि याद रहोस्ः त्यो दासचाहिँ तिनको प्रिय दास थियो। किनकि यी सुबेदारको घर त थियो, तर तिनको परिवार भने थिएन। 'फ्यामिली क्वार्टर' कहाँ हुन्थ्यो, त्यस जमानामा। तर तिनको यस नोकरले निक्कै राम्रो काम गरेको र तिनको असल, अटल सेवा गरेको हुनुपर्छ। यसकारण समयमा ऊ तिनको प्रिय दास बन्यो। तर हालैमा ऊ बिरामी थियो। उसको बिरामी के थियो ? मत्तीको सुसमाचारबाट यो थाहा लाग्छः पक्षाघात उसको रोग थियो, अर्थात् रक्तचाप वा अन्य कारणले उसलाई ब्रेन-स्ट्रोक पो भएछ, कि क्या हो ? त्यस समयदेखि ऊ ओछ्यानमा पड़िरहेको थियो। अब यी सुबेदारले उसको स्याहार गर्नुपरेको थियो कि ? र डाक्टरको खर्च गर्नुपरेको थियो कि ? तिनको दासको पीड़ा ज्यादा थियो, सहन नसक्ने किसिमको थियो। ती सुबेदारले त्यो हेर्नै सक्दैनथिए; तिनले उसलाई बचाउन कुनै न कुनै उपाय खोजेर निकाल्नु थियो। तर नोकर जाती हुनुको सट्टामा झन् बिमारी भयो; अनि अब ऊ मर्न लागेको थियो। अनि त्यस बेलामा ती सुबेदार कति भाग्यशाली भए; किनकि तिनले प्रभु येशूको विषयमा सुने; अनि झट्टै तिनले यो मौका छोपेर एउटा टोली उहाँकहाँ पठाइहाले। यस टोलीका सदस्यहरू सबैजना यहूदीहरूका बूढ़ा प्रधानहरू थिए, यहूदी समाजमा नाम चलेका व्यक्तिहरू थिए। अनि तिनीहरूले प्रभुको सामु यी सुबेदारको सह्राना गरेः तिनीहरूका

आँखाहरूमा तिनी पूरा योग्य थिए। तर यी सुबेदारले आफूलाई अलिकति पनि योग्य ठान्दैनथिए। किनकि तिनी इमानदार थिए र आफूलाई चिन्दथिए। तिनी येशूकहाँ जान योग्य थिएनन्, आफ्नै आँखामा; येशू तिनको घरमा आउनुहुने? अहँ, त्यो त झन् हुँदैनथियो; किनकि तिनी अयोग्य थिए। यसकारण एकक्षण हामी आफ्नो क्रम रोकौं, र विचार गरौंः प्रभु येशूकहाँ आउन योग्य को होला त नि?

प्रभु येशूले भन्नुभयोः *'हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ! म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लगाइराख र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; र तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ'* (मत्ती ११:२८-२९)।

यसकारण बुझ्नुहोस्ः संसारभरि आफूमा योग्य भएको कुनै व्यक्ति हुँदैन। हामी सबैजना अयोग्य, तुच्छ र निकम्मा मानिस हौं। किनकि हाम्रो पापको भारी छ। यसकारण हामी आफूमा योग्यता नखोजौं, तर मुक्तिदाता प्रभु येशूको निम्तो स्वीकार गरौं! हामीले आफ्नो पापको भारी उहाँमा बिसाउनुपर्छ, जो हाम्रा पापहरूको निम्ति क्रूसमा मर्नुभयो; उहाँले हाम्रा अपराधहरूको निम्ति दण्ड भोग्नुभयो। तब हामी मनमा शान्ति पाउनेछौं। तर आधा बाटो गएर यहाँ अड़िनुहुँदैन। हामीबाट अधूरो काम हुनुहुँदैन। हाम्रो निम्ति दोस्रो कदम पनि छः हामीले प्रभु येशूको जुवा आफ्नो काँधमाथि लगाइराख्नुपर्छ, र हामी उहाँका चेला भईकन उहाँबाट सिक्न तयार हुनुपर्छ। तब मात्र दीर्घकालीन, स्थाही शान्ति हाम्रो हुनेछ।

अब हाम्रो विषयमा फर्केर जाऔंः ती सुबेदारमा एउटा कुरा थियो, जुन कुरा धेरै यहूदी मानिसहरूसँग थिएनः प्रभु येशूमाथि तिनको विश्वास थियो। प्रभु येशूको शब्दअनुसार तिनको विश्वास असाधारण विश्वास, ठूलो विश्वास थियो। यो कसरी थाहा लाग्छ? तिनका शब्दहरूबाट यो बुझिन्छ। यसकारण तिनले भनेको कुरा-माथि हामीले एक क्षण ध्यान दिनुपर्छ, तब ठूलो विश्वासको रहस्यको कुञ्जी हाम्रो निम्ति खोलिन्छ। तिनले यसो भनेः

"प्रभुजी, हजुरले आफूलाई कष्ट नदिनुहोला; किनकि हजुर मेरो छानामनि आउनुहुन म योग्य छैनँ। यसैकारण मैले आफूलाई पनि हजुरकहाँ आउन योग्य ठानिनँ। तर एकै वचन मात्र बोलिदिनुहोस्, र मेरो दास निको हुनेछ। किनकि म पनि अधिकारमनि रहेको मानिस हुँ; मेरो अधीनतामा पनि सिपाहीहरू छन्; अनि जब म एकजनालाई 'जा' भन्छु, तब त्यो जान्छ; अनि जब म अर्कोलाई 'आइज' भन्छु, तब त्यो आउँछ। अनि जब म मेरो दासलाई 'यो गर्' भन्छु, तब त्यसले त्यो गर्छ।"

तिनले के भने, के तपाईंले यो याद गर्नुभयो? 'प्रभु, एकै वचन मात्र बोलिदिनुहोस्, र मेरो दास निको हुनेछ।' प्रभु र उहाँको अधिकारमाथि तिनको पूरा विश्वास थियो। किन? तिनले प्रभु येशूको विषयमा सुनेका थिए र आफ्नै कानले सुनेका कुरा विश्वास गरे। अनि हामीसित कुरा पनि यस्तै हुनुपर्छ। हामीले परमेश्वरको वचन र विशेष गरी प्रभु येशूको सुसमाचार सुन्नुपर्छ। तब हामीले सुनेको वचनले हाम्रो हृदयमा विश्वास पैदा गर्छ। सुसमाचार नसुनीकन कसैले पनि प्रभु येशूमाथि विश्वास गर्दैन र मुक्ति पाउन

सक्दैन; किनकि साँचो विश्वास मुक्तिको सुसमाचारको सुनाइबाट आउँछ (रोमी १०:१७)।

अनि यस जीवन-कथाबाट मेरो लागि आशिष भएको कुरा म अब यहाँ तपाईंको निम्ति पेश गर्छुः ती सुबेदारले आफ्नो विश्वास अझै यसरी व्यक्त गरेः *'किनकि म पनि अधिकारमनि रहेको मानिस हुँ; मेरो अधीनतामा पनि सिपाहीहरू छन् ।'* यी सुबेदारले प्रभु येशूलाई र आफूलाई विचार गरे र केही समानता देखे। तिनी अधिकारमनि रहेको मानिस थिए; यही कारणले तिनको अधिकार थियो, एक सय सिपाहीहरूमाथि, र तिनले आफ्नो अधिकारमा तिनीहरूलाई हुकुम गर्न सके, र तिनीहरूले तिनको हुकुम मान्नुपर्थ्यो। कसैले तिनको कुरा इन्कार गर्न सक्दैनथियो। तिनको अधिकार ठूलो थियो। तिनको अधीनतामा रहेका सिपाहीहरूले जुनै हालतमा पनि तिनको आज्ञापालन गर्नुपरेको थियो। अनि तिनको नोकरको विषयमा पनि कुरा उस्तै थियो; किनकि त्यो त तिनको दास थियो। यसरी तिनका सिपाहीहरूमाथि र तिनको नोकरमाथि तिनको अधिकार जारी रहेको थियो।

अनि प्रभु येशूको विषयमा तिनको विचार यस प्रकारको थियोः उहाँ पनि अधिकारमनि भएको मानिस हुनुपर्छ। यसकारण एकै वचनले काम गर्छ। प्रभु येशूको एकै वचनले तिनको दास निको हुनेथियो; किनकि उहाँ अधिकारमनि रहनुभएको मानिस हुनुहुन्थ्यो। तब प्रश्न आउँछः प्रभु येशूको शिर र मालिक को हुनुहुन्थ्यो त? उहाँले यस विषयमा के भन्नुभयो?

*'म आफ्नै तर्फबाट केही पनि गर्न सक्दिनँ; ... किनभने म आफ्नै इच्छा होइन, तर मलाई पठाउनुहुने पिताको इच्छा पूरा गर्न*

*खोज्दैछु’* (यूहन्ना ५:३०)। *‘किनभने आफ्नै इच्छा होइन, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको हुँ’* (यूहन्ना ६:३८)।

यसकारण बुझ्नुहोस्, प्रभु येशू परमेश्वर पिताको अधिकारमनि रहनुभएको हुनाले उहाँको अधिकार ठूलो थियो। अनि मैले बुझें: जुन मानिसमाथि कुनै अधिकार जमाउने व्यक्ति रहँदैनन्, उसको अधिकार कति पनि छैन रहेछ। ती सुबेदारमाथि तिनको मेजर वा अन्य कुनै उच्च सेनाका पदाधिकारी थिए। झन् तिनको अधिकार त शक्तिशाली रोमी सम्राटमाथि स्थापित भएको थियो। अनि प्रभु येशू सर्वशक्तिमान् परमेश्वरका एकमात्र पुत्र हुनुभएको हुनाले उहाँको अधिकार ठूलो थियो। उहाँको अधिकार सबै रोग र शारीरिक दुर्बलताहरूमाथि थियो। उहाँको अधिकार सबै दुष्टात्माहरू र शैतानको शक्तिमाथि थियो। उहाँको अधिकार सबै पापीहरूलाई पापको क्षमा दिने अधिकार थियो। उहाँको अधिकार प्रकृतिमाथि थियो: उहाँले आँधीबेह्री र समुद्रका छालहरूलाई एकै शब्दले हुकुम गर्नुभयो, र तत्कालै ती तत्त्वहरूले उहाँको आदेश माने। आउनुहोस्, हामी उहाँको अधिकारको विषयमा अझै कुरा गरौं! जीवन दिने अधिकार, मृत्युमाथि अधिकार, आफ्नो मण्डलीमाथि, आफ्ना चेलाहरूमाथि, विश्वासको सम्बन्धमा, विश्रामदिन र परमेश्वरका अरू सबै आज्ञाहरूमाथि, पवित्र धर्मशास्त्रमाथि, सबै भविष्य-वाणीहरूमाथि र संसारका जुनैपनि सरकारमाथि, अँ, स्वर्ग र पृथ्वी-माथि सारा अधिकार उहाँलाई दिइएको छ (मत्ती २८:१८)। यसकारण उहाँको एकै वचनमा सबैले उहाँको हुकुम मान्नुपर्छ। अधिकार भन्ने कुरा यस्तै हुँदो रहेछ। यी सुबेदारले एकै वचन मात्र

बोल्नुपरेको थियो, र तत्कालै तिनका सिपाहीहरूले तिनको हुकुम मान्थे। तिनको नोकरको विषयमा पनि कुरा उस्तै हुन्थ्योः उसले तत्कालै तिनको आज्ञा पालन गर्थ्यो। अनि हाम्रो विषयमा कसो हो ? के हामीले प्रभु येशूलाई आफ्नो जीवनमाथि अधिकार दिएका छौं ? के हामी पनि उहाँको अधिकारमनि बसेका मानिस हौं ? तब मात्र हाम्रो खास अधिकार हुन्छः आफ्नो जीवनमाथि, आफ्नो परिवारमा, आफ्नो काम गर्ने ठाउँमा; आफ्नो बोलावटअनुसार जहाँ परमेश्वरले हामीलाई राख्नुभयो, त्यहाँ उहाँबाट हामीलाई दिइएको हाम्रो अधिकार हुन्छ।

अनि हामी जतिजनाले प्रभु येशूको नाममा पानीको बप्तिस्मा लिएका छौं, हामीले त्यस बेलामा वास्तवमा प्रभु येशूलाई आफ्नो जीवनमाथि आज्ञा गर्ने र स्वामी हुने अधिकार दिएका छौं। किनभने ती सुबेदारका सिपाहीहरू वा तिनको दासजस्तै हामी प्रभु येशूका चेला भएका छौं, जसको एकमात्र रोजाइ, एकमात्र चाहना र एकमात्र मनसाय उहाँको आज्ञापालन हुन्छ र उहाँको आज्ञापालन हुनुपर्छ। किनकि प्रभु येशूले चेला हुने सम्बन्धमा सबै मानिसहरूलाई यसो भन्नुभयोः *'जसले मेरो पछि आउने इच्छा गर्छ, उसले आफूलाई इन्कार गर्नुपर्छ, उसले दिनहुँ आफ्नो क्रूस उठाउनुपर्छ र ऊ मेरो पछि लाग्नुपर्छ'* (लूका ९:२३)। यसकारण प्रभु येशूका चेला भएका नाताले हामी आफ्नो इच्छाअनुसार चल्न र आफ्नो मनपरी गर्न पाउँदैनौं। हाम्रो एउटै मात्र विकल्प, एउटै मात्र सम्भावना छः हामीले उहाँको आज्ञापालन गर्नुपर्छ, एउटा सिपाहीले जस्तै, अथवा एउटा दासले जस्तै। अनि जसले यो पाठ सिक्छ, उसको अधिकार बढ्छ। अनि जसले यो पाठ सिक्छ, ऊ एक दिन परमेश्वरको उच्च

बोलावटको सर्वोत्तम लक्ष्यमा पुग्नेछ। अनि यस कुराले हाम्रो जीवनमा खास भिन्नता ल्याउँछ।

तब हामी निम्न कुरा विचार गरौं! घरमा पालेको कुकुर र छाड़ा छोड़िएको कुकुरको बीचमा के फरक छ? घरको कुकुरको मालिक भएको हुनाले त्यो कुकुर काम लाग्छ। त्यसको नाम बोलाउँदा त्यो आउँछ; त्यसले मालिकको हुकुम मान्छ। त्यस कुकुरबाट काम आउँछ। तर छाड़ा छोड़िएको कुकुरको के काम? त्यो दिनभरि सुत्छ, रातभरि भुक्छ र अरू कुकुरहरूसँग झगड़ा गर्छ। त्यसबाट कसैलाई कुनै लाभ हुँदैन। त्यो रोगी हुन्छ, त्यो लुते हुन्छ, त्यसले फोहोर मैला खान्छ, त्यो समय नपुगी मर्छ; अनि कसैले पनि त्यसको निम्ति एउटा आँसु बगाउँदैन। छाड़ा छोड़िएको कुकुरको हालत यस्तो हो। अनि छाड़ा छोड़िएको मानिस पनि मानिस बन्दैन। मानिसलाई एउटा मालिक चाहिन्छ, एउटा असल मालिक चाहिन्छ। धन्य हौं हामी, किनकि हामीमाथि अधिकार जमाउने बुबाआमा भए। यसकारण हामी सभ्य मानिस बन्यौं। धन्य हौं हामी, किनभने हामीमाथि असल सरकार र त्यसको अधिकारीवर्ग छ! तब हाम्रो देश बन्छ र उँभो लाग्छ। अनि धन्य हो त्यो मानिस, जसका मालिक प्रभु येशू हुनुहुन्छ! किनकि ऊ अवश्य परमेश्वरको इच्छाअनुसार आफ्नो जीवनको उद्देश्य पूरा गरेर छोड्नेछ।

यो पनि विचार गर्न लायकको कुरा होः कालिम्पोङ्ग शहरको थाना डाँड़ामा एकजना भाइले ट्राफिक प्रहरीको काम गर्छ। उसले प्रहरी पोशक लगाएको छ; अनि उसको हातमा एउटा सीटी छ। अनि उसले सीटी बजाउँदै र हातले इसारा गर्दै सम्पूर्ण ट्राफिक मिलाउँछ र सठीक पार्छ। सबै कार, वाहन र ठूला-ठूला ट्रकहरूका

चालकहरूले उसको आज्ञा मान्दछन्; किनकि सरकारले उसलाई यो अधिकार दिएको छ, र उसले आफूलाई दिइएको अधिकार सठीक प्रयोग गर्छ। हाम्रो जीवनमा पनि यस्तै हुनुपर्छ। परमेश्वरले हामीलाई पनि अधिकार दिनुभयोः आफ्नो जीवनमाथि, बुबाआमा भएर आफ्नो परिवारमाथि, कामदार भएर वा नाइके भएर आफ्नो काम गर्ने ठाउँमा, स्कूलमा वा कार्यालमा, अनि कसैलाई पास्टर र एल्डरको हैसियतले स्थानीय मण्डलीमाथि अधिकार दिइएको छ। तर हामीले पहिले आफूमाथि प्रभु येशूको अधिकार स्वीकार गर्नुपर्छ, नत्र ता हामी आफ्नो अधिकार सठीक प्रयोग गर्न सक्दैनौं, तर हामी भूल गर्न पुग्छौं। हामी पहिले परमेश्वरको निम्ति असल सिपाही वा असल दास बन्नुपर्छ, जस्तै लेखिएको छः

*हे दासहरूहो, शरीरअनुसार तिमीहरूका मालिकहरू जो छन्, सबै कुराहरूमा उनीहरूको आज्ञापालन गर! मानिसहरूलाई खुशी पार्नेजस्तै तिमीहरूले आँखाको अगाड़ि कुनै सेवा गर्नुहुँदैन, तर परमेश्वरको डर मानेर हृदयको सच्चाइसाथ सेवा गर्नुपर्छ! अनि तिमीहरू जे गर्छौ, सो मानिसहरूको निम्ति होइन, तर प्रभुको निम्ति गर्ने गरी तनमनले गर, यो जानेर कि प्रभुबाट तिमीहरूले इनाम पाउनेछौ; किनकि तिमीहरू प्रभु ख्रीष्टको सेवा गर्छौ'* (कलस्सी ३ः२२-२४)।

प्रभुको दासले के गर्नुपर्छ? उसले सबै कुराहरूमा आज्ञापालन गर्नुपर्छ। यो हामीले घरमा आफ्नो परिवारमा सिक्नुपर्छ; बुबाआमाको आज्ञापालन गरेर यो सिक्नु छ। काम गर्ने ठाउँमा हामीले आज्ञापालन गर्न सिक्नुपर्छ। मण्डलीमा हामीले अगुवाजनहरूको आज्ञापालन गर्न सिक्नुपर्छ। हामीले आफूमाथि रहेको अधिकारीको अधिकार

स्वीकार गर्नुपर्छ र तिनको अधीनतामा बस्नुपर्छ। हामीले आफ्नो इच्छा इन्कार गर्न सिक्नुपर्छ; हामी परमेश्वरको इच्छाअनुसार हामीमाथि अधिकारी हुनेहरूको आज्ञापालन गर्नमा सक्षम हुनुपर्छ। तर हामीले मानिसहरूलाई खुशी पार्ने गरी कुनै कामकुरा गर्नुहुँदैन। हो, हामीले यसमा अरूका आँखाहरू छल्न सकौंला, तर प्रभु येशू हाम्रो मनसाय जान्नुहुन्छ। यसकारण जे हामी गर्छौं, त्यो हामीले परमेश्वरको डर राखेर सदैव इमानदार हृदयको साथ गर्नुपर्छ; किनकि हामी उहाँका दासदासी हौं, हामी प्रभुको सेवा गर्छौं। हामीले तनमनले सबै कुरा पूरा गर्नुपर्छ, तब हामी एक दिन उहाँबाट इनाम पाउनेछौं।

*'किनकि जसले सेवकको काम राम्ररी गरेका छन्, उनीहरूले आफ्नो निम्ति एउटा असल दर्जा प्राप्त गर्छन् र ख्रीष्ट येशूमा भएको विश्वासको सम्बन्धमा ठूलो हिम्मत पाउँछन्।'*

१ तिमोथी ३ः१३

हामीले सेवकको काम कसरी गरिन्छ, सो कुरा राम्ररी जान्नुपर्छ; तब हाम्रो आत्मिक दर्जा बढ्छ। हामीले दास हुन सिक्नुपर्छ; तब हामी प्रभुमा ठूलो हिम्मत पाउँछौं; तब हाम्रो विश्वास ठूलो हुनेछ, ती सुबेदारको जत्तिकै। किनकि जब हाम्रो अधिकार बढ्छ, तब हाम्रो विश्वास पनि बढ्नुपर्छ; नत्र हामीले यो अधिकार थाम्न सक्दैनौं। तर अधिकार बढ्नको निम्ति पहिले हामीले आफूलाई प्रभुको अधिकार-मनि सुम्पनुपर्छ अनि आज्ञकारी र विश्वासयोग्य हुन सिक्नुपर्छ। यस सम्बन्धमा हरेक सानो कुरा, हरेक नगण्य कुरा पनि गनिन्छ। अन्तमा आएर म तपाईंलाई लूका १७ः५-१० पदहरूको खण्ड पढ्ने सल्लाह दिन्छु, जसको सार यस प्रकारको छः

प्रभु येशूका चेलाहरूले आफ्नो विश्वास बढ़ेको र ठूलो भएको इच्छा गरे; अनि उहाँले यसको निम्ति तिनीहरूलाई सय तरिका बताउनुभयो। अनि यसको निम्ति एउटै मात्र तरिका हुँदो रहेछ। यसकारण उहाँले एकजना मालिक र तिनको दासको उदाहरण दिनुभयोः दिनभरि त्यस दासले बारीमा काम गरेको थियो; अनि साँझमा घर आएर त्यसले बिसाउन पाएन, तर अझै पनि त्यसले आफ्ना मालिकको सेवा-टहल गर्नुपरेको थियो। अनि निष्कर्षमा प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयोः *'यसरी नै तिमीहरूले पनि जब तिमीहरूले अह्राएका सबै कामकुराहरू गरिसक्छौ, तब तिमीहरूले भन्नपर्छः "हामी निकम्मा दास हौं; किनभने हामीले त्यही मात्र गरेका छौं, जे गर्न हाम्रो कर्तव्य थियो" '* (लूका १७:१०)।

यस सम्बन्धमा तपाईंले कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्यक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्ः

www.nbcinepal.org

https://www.nbcinepal.org/

SCAN ME